पाठ ४

# सेवामा आराधना

मेरी हजुरआमा कुनै एक स्त्रीका घरमा जानुभयो र तिनलाई येशूका बारेमा साक्षी दिनुभयो। "मेरो घरमा तँ कहिल्यै नआ! म येशूको बारेमा फेरि कहिल्यै सुन्न चाहन्नँ!" भनी ती स्त्रीले मेरी हजुरआमालाई हप्काइन्।

मेरी हजुरआमाले यस बारेमा मलाई बताउनुभएपछि मैले उहाँलाई भने, "हजुरआमा, ती स्त्रीले तपाईंसँग अति नै निर्दयी व्यवहार गरिन्। तर साक्षी दिने आफ्नो जिम्मेवारीलाई तपाईंले पूरा गर्नुभयो, र तपाईंले गर्नुपर्ने बाँकी कुरा अब त्यहाँ छैन।"

उहाँले जवाफ दिनुभयो, "मैले त्यसभन्दा पनि धेरै गरिसकें। मैले स्याउको केक बनाएर तिनीकहाँ लागिसकेकी छु।"

ती शब्दहरूबाट मैले महत्त्वपूर्ण पाठ सिकें। प्रायःजसो मैले मेरी हजुरआमालाई प्रार्थनामा प्रभुलाई आराधना गरेकी देखेकी छु। "हामी सबै महिमा येशूलाई दिन्छौं, र उहाँको अचम्मको प्रेमको बारेमा बताउँछौं" भनी आफ्ना हातहरू उठाउँदै उहाँले गाउनुहुन्थ्यो। तर उहाँले शब्दहरू र भजनमा साक्षी दिनु वा आराधना गर्नुभन्दा पनि अझ धेरै गर्नुभएको कुरा त्यस दिन मैले महसूस गरें। उहाँले आफ्ना कार्यहरूमा प्रभुलाई आराधना गर्नुभएको थियो।



हामी येशूलाई प्रेम गर्छौं भनी याद हामी भन्छौं भने, हाम्रा कामहरूले पनि त्यस प्रेमलाई देखाउनैपर्छ।

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

पूर्ण सेवा
सेवामा प्रवृत्तिहरू

**यस पाठले तपाईंलाई यी विषयहरूमा सहायता पुऱ्याउनेछ. . .**

- ख्रीष्टको जीवनमा भएका सेवक गुणहरूलाई तपाईंको आफ्नै जीवनमा भएका गुणहरूसँग तुलना गर्न।

- सेवालाई आराधनाको कार्य बनाउनका लागि आवश्यकीय प्रवृत्तिहरूको वर्णन गर्न।
- सेवाद्वारा परमेश्वरलाई आराधना गर्ने कुराको महत्त्वप्रति कृतज्ञ हुनुहोस्।

## पूर्ण सेवा

उद्देश्य १: *अरूहरूको सेवा गरेर हामीले प्रभुलाई आराधना गर्न सक्ने तरीकाहरूलाई वर्णन गर्नुहोस्।*

"प्रभुको निम्ति तपाईं कहिले काम *गर्नुहुन्न?* कहिलेकहीँ तपाईंसँग छुट्टिका केही दिनहरू पनि त निश्चय होलान् नि" भनी एक जवान मानिसले प्रश्न गरे।

ती मानिसले विचार गरे कि ख्रीष्टियान विश्वास भनेको चाहिँ तपाईंले केही काम गर्नु हो, तर विश्वासी हुनु भनेको चाहिँ एक दिनमा आठ घण्टाको काम होइन; यो ता नयाँ जीवन हो। जीवित रहनका लागि सास फेर्नु जति महत्त्वपूर्ण छ, परमेश्वरप्रति गरिएको हाम्रो सेवा पनि हाम्रो जीवनमा त्यत्ति नै महत्त्वपूर्ण छ। हाम्रा खूबी वा समयको केही अंश दिएर वा हामीलाई मन पर्दा मात्र हामी परमेश्वरलाई सेवा गर्न चाहँदैनौं, तर सधैंभरि– हाम्रो पूरा हृदय, मन र शरीरले हामीले उहाँको सेवा गर्नुपर्छ। *पूर्ण सेवा* भनेको यसो भन्न सक्नु हो, "प्रभु म यहाँ छु। मलाई जुनसुकै बेला, जुनसुकै ठाउँ र जुनसुकै परिस्थितिमा पनि प्रयोग गर्नुहोस्।" हामी उहाँको सेवामा समर्पित हुँदा हामीले साँचो आराधना चढ़ाएका हुन्छौं भनी रोमी १२:१-मा भनिएको कुरालाई याद गर्नुहोस्।

पूर्ण समर्पणको सबैभन्दा ठूलो उदाहरण येशू ख्रीष्ट आफै हुनुहुन्छ। हामीहरू हरेकले झैं उहाँले पनि खानु, सुत्नु, कसरत

गर्नु र आराम गर्नुपरेको थियो। तर उहाँको हृदय र मनचाहिँ आफ्ना पिताको काम गर्नका लागि सधैँ तत्पर थियो (यूहन्ना १५:१०)। उहाँले सधैँ नै अरूहरूको सेवा गरिरहनुभएको थियो।

आत्मिक रूपमा मानिसहरूलाई सहायता गरेर उहाँले सेवा गर्नुभयो। उहाँले तिनीहरूलाई सिकाउनुभयो, तिनीहरूका निम्ति प्रार्थना गर्नुभयो, र तिनीहरूका निम्ति रुनु पनि भयो। उहाँले तिनीहरूका शारीरिक आवश्यकताहरूलाई पनि पूरा गर्नुभयो। उहाँले रोग र कष्टमा परेकाहरूलाई कहिल्यै रित्तै पठाउनुभएन।

एक दिन उहाँले नाइनबाटकी एक गरीब विधवाको मृत छोरालाई बौरिउठाउनुभयो, जुन स्त्रीलाई हेरचाहा गर्ने अर्को कोही थिएन। पूरै रातभरि आफ्ना डुङ्गाबाट माछा मार्नका लागि अति कड़ा मेहनत गर्ने थकित र भोका चेलाहरूका निम्ति उहाँले आगोमा माछाहरू पोलेर तयार गरिदिनुभयो।

एकलोपन र तिरस्कारको अनुभव गर्ने व्यक्तिहरूसँग आफू रहेर उहाँले सेवा गर्नुभयो। आफ्नो समुदायबाट प्रेम नगरिएका पुरुष र स्त्रीहरूसँग हुनका लागि उहाँले भोजका निमन्त्रणाहरूलाई ग्रहण गर्नुभयो। उहाँ पापीहरूका मित्र बन्नुभयो। परमेश्वरका पुत्र, येशूले आफ्नो सृष्टि मानवजातिको सेवा गर्नुभयो।

के हामीले यसभन्दा कम गर्ने प्रयास गर्नुहुन्छ र? हुँदैन, येशूजस्तै हुने लक्ष्य हामीले बनाउनुपर्छ। शिक्षण वा प्रचारद्वारा सेवा गर्ने वरदान प्रभुले तपाईंलाई दिनुभएको छैन होला, तर दयालु र प्रेमी ख्रीष्टियान बन्ने योग्यताचाहिँ तपाईंसँग छ। कसैले वास्ता गर्छ भन्ने कुरा मानिसलाई थाहा हुनुपर्छ र तपाईंको हेरचाहाले परमेश्वरले हेरचाहा गर्नुहुन्छ भनी महसूस गर्न अर्को व्यक्तिलाई सहायता पुग्नेछ।

सेवाद्वारा आराधना भन्नुको अर्थ हामी आफैलाई अर्पण गर्नु हो। हामी जे छौं र हामीसँग जे कुराहरू छन्, ती सबैबाट

उहाँलाई आराधना गर्नु हो। हामीले दयालु शब्द बोल्न सक्छौं, मित्रभावको मुस्कान दिन सक्छौं वा अस्पतालमा भएकाहरूलाई भेट्न सक्छौं। खाँचोमा परेकाहरूसँग बाँड्चूँड् गर्नका लागि हामी इच्छुक भएको परमेश्वर चाहनुहुन्छ। हामी धनी भए तापनि वा गरीब भए तापनि, खाँचोमा भए तापनि वा खाँचोमा नभए तापनि, प्रभुले अगुवाइ गर्नुभएअनुसार दिन र बाँड्चूँड् गर्नका लागि हामी तयारी हुनुपर्छ।

बाइबलले "साक्षी देऊ" भनेको छैन। यसले "साक्षी होऊ" भनेको छ (प्रेरित १:८)। यदि तपाईं प्रत्येक कार्य र काममा साक्षी हुन चाहनुहुन्छ भने, यस प्रार्थनालाई प्रभुकहाँ तपाईंले पढ्नुहुँदा तपाईंले आफ्नो शिर निहुराउनुहोस्।

"स्नेही पिता, मेरो इच्छा शब्दहरूमा मात्र होइन, तर मैले गर्ने सबै काममा तपाईंलाई आराधना गर्नु हो। मैले कुनै अवस्थामा प्रतिक्रिया जनाउनु वा कुनै निर्णय बनाउनुभन्दा पहिले, तपाईंलाई प्रसन्न तुल्याउने कुरा तपाईंका बहुमूल्य पवित्र आत्माले मलाई भन्नुभएको होस् भनी म प्रार्थना गर्दछु। तब, प्रभु तपाईंका निर्देशनहरू पूरा गर्नका लागि मलाई सहायता गर्नुहोस्।

"मद्वारा तपाईंको प्रेम यसरी चम्किएको होस् कि अरूहरू पनि येशूजस्तै हुन चाहून्। आमिन।"

## तपाईंको अभ्यासको निम्ति

१ दायाँपट्टिको खण्डमा दिइएका पदहरूलाई पढ्नुहोस्। यससँग मिल्ने किसिमको सेवाको संख्यालाई उल्लेखित पदको अगाडिको खाली ठाउँमा लेख्नुहोस्।

| पदहरू | सेवाको किसिम |
|---|---|
| .... **क** मत्ती ८:१-३ | १) भोकाहरूलाई खुवाउनु |
| .... **ख** मत्ती ८:२३-२६ | २) सुरक्षा गर्नु र डरलाई हटाउनु |
| .... **ग** लूका ९:१-६ | ३) रोगीहरूलाई निको पार्नु |
| .... **घ** यूहन्ना ६:१-१३ | ४) शारीरिक आराम उपलब्ध गर्नु |
| .... **ङ** यूहन्ना १३:१-५ | ५) तिरस्कारको अनुभव गर्नेहरूलाई ग्रहण गर्नु |

**२** याकूब २:१४-१७ पढ्नुहोस्, तब तलको वाक्यलाई पूरा गर्नुहोस्। विश्वास मात्र पर्याप्त छैन, तर हाम्रा ..................... .................................. द्वारा प्रमाणित भएको हुनुपर्छ।

**३** तल दिइएका काल्पनिक अवस्थाहरूलाई पढ्नुहोस्। सेवामा आराधना देखाउनका निम्ति प्रत्येक अवस्थामा तपाईंले गर्नुहुने कामको छोटो वर्णनलाई तल लेख्नुहोस्।

**क**) नयाँ मण्डली भवनको अति जरूरी आवश्यकताको सम्बन्धमा तपाईंका पास्टरले मण्डलीमा व्याख्या गर्नुहुन्छ।

.....................................................................

**ख**) तपाईंका छिमेकी धेरै नै बिरामी भएका छन्, र उनको परिवारलाई हेरचाहा गर्ने कोही पनि छैन। ...............

.....................................................................

## सेवामा प्रवृत्तिहरू

उद्देश्य २: *सेवाद्वारा प्रभुलाई आराधना गर्दा प्रत्येक विश्वासीमा हुनुपर्ने तीन प्रवृत्तिहरूको नाम दिनुहोस्।*

अगमवक्ता शमूएलले इस्राएलका राजाका रूपमा एक सुन्दर जवान व्यक्तिलाई अभिषेक गर्न चाहँदा, यी कुराहरू भनेर प्रभुले

उनलाई रोक्नुभयोः "परमप्रभुले मानिसले झैं हेर्दैनन्‌। मानिसले रूप हेरीकन विचार गर्छ, तर परमप्रभुले हृदय हेरीकन विचार गर्छन्" (१ शमूएल १६:७)।

हाम्रो बाहिरिया प्रकटमा हाम्रा कार्यहरू र हाम्रा शारीरिक रूपहरूलाई संलग्न गरिएको छ। कहिलेकहीँ हाम्रा कार्यहरू हामीले नचाहेका अनुसार पनि हुने गर्छन्। हामीलाई कुनै काम गर्न दिइएको हुन्छ र हामीले आशा गरेअनुसारको नतीजा हामी यसबाट प्राप्त गर्न सक्दैनौं। तर परमेश्वरलाई चिनेकोमा हामीले सान्त्वना पाउन सक्छौं कि परमेश्वरले हाम्रा हृदयहरूलाई हेर्नुहुन्छ र उहाँका निम्ति साँच्चै हामी के गर्न चाहन्छौं, सो उहाँलाई थाहा छ।

हामीले गरेका कामहरूमा साँचो चासो नराखीकन नै के हामीले ख्रीष्टियान कामहरू गर्ने कोशिश गरिराखेका छौं कि भन्ने कुरा पनि उहाँले देख्नुहुन्छ। यदि हाम्रा प्रवृत्तिहरू ठीक छैनन् भने अति उत्तम कार्यहरूलाई पनि आराधनाका रूपमा लिन सकिँदैन। उचित विचारहरू र उद्देश्यहरूका निम्ति बाइबलले हामीलाई सहयोगपूर्ण निर्देशनहरू दिएको छ, जसमध्ये केहीलाई अहिले हामी हेर्नेछौं।

हामीले गर्नैपर्छ भनी विचार गरेको कारणले मात्र होइन, तर प्रसन्न र खुशीसाथ हामीले हाम्रा प्रभुलाई सेवा गर्नुपर्छ भन्ने बारेमा सबैभन्दा पहिले हामी कुराकानी गर्नेछौं। हाम्रा दिने र बाँड्चूँड् गर्ने काम आनन्दित अनुभवहरू बन्न सक्छन्। लिनुभन्दा दिनु अझै असल हो भनी बाइबलले बताएको छ। प्रभुको नाउँमा दिनुचाहिँ ख्रीष्टियान सौभाग्य हो।

> अनि हरेक मानिसले आफ्नो मनमा सङ्कल्प गरेबमोजिम दिओस्, इच्छा नभईकन होइन, नता करकापमा परेर। किनभने खुशीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ।

परमेश्वरले तिमीहरूलाई हरेक आशिष् प्रशस्त मात्रामा दिन सक्नुहुन्छ, ताकि तिमीहरूसँग सधैं नै हरेक कुरा प्रशस्त होस् र हरेक असल कामको निम्ति तिमीहरूले प्रशस्त मात्रामा दिन सक (२ कोरिन्थी ९:७-८)।

परमेश्वरले प्रशस्त गरी दिनुहुन्छ भनी हामी देख्न सक्छौं। फूलहरू र सूर्यास्तहरूलाई परमेश्वरका वरदानहरू भन्न सकिन्छ। बाइबलले हामीलाई बताउँछ कि उहाँले हामीलाई हरेक थोक प्रशस्तसँग उपभोग गर्नेका लागि दिनुहुन्छ (१ तिमोथी ६:१७)। हामीले प्रसन्न भई दियौं भने उदारचित्तले दिनका लागि पनि यसले हामीलाई सजिलो पार्छ, जसरी रोमी १२:८-मा पनि हामीलाई भनिएको छ, "दान दिनेले उदार-चित्तले देओस्।" विवेकले हामीलाई नदोष्याओस् भन्नका लागि मात्र हामी दिंदैनौं, तर हामीले जति दिएको प्रभु चाहनुहुन्छ त्यसअनुसार नै हामी दिन्छौं।

# प्रभुलाई दिएजस्तै गरी दिनु:

## प्रसन्नता

## उदार-चित्तसाथ

## नम्रता

हामीले प्रसन्नता र उदार-चित्तले दिन सक्छौं, तर बाइबलले दिनुको अर्को क्षेत्रलाई पनि छोएको छ। यसलाई हामी कथाको रूपमा परिचित गराउनेछौं। कल्पना गरौं कि तपाईंले केही छुट्टै रकम (रुपियाँ) प्राप्त गर्नुभयो र शहरको छेउमा भएको एक

सानो मिशनलाई यसको केही भाग दिनका लागि प्रभुले तपाईंलाई प्रेरणा दिनुभयो। यो तपाईंले खुशी र उदार-चित्तले गर्नुभयो। परमेश्वरले तिनीहरूका आवश्यकताहरूलाई कसरी पूरा गर्नुभयो भन्दै यसका सदस्यहरू खुशी भएका तपाईंले केही समयपछि सुन्नुभयो, तर तपाईंको नामको चाहिँ उल्लेख गरिएन। तपाईंको हातबाट नभएर पैसाचाहिँ आकाशैबाट खसेको जस्तो सुनियो। यस्तो अवस्थामा तपाईंलाई कस्तो लाग्छ?

स्वाभाविक प्रतिक्रियाचाहिँ अलिकति आक्रोशित हुने अनुभव हुन सक्छ। हामीले गरेका कामका लागि हामी श्रेय प्राप्त गर्न मन पराउँछौं। अरूहरू आफूप्रति कृतज्ञ भएका देख्न चाहनु त त्यति खराब कुरा होइन। तर हामीले अझै ठूलो इनाम प्राप्त गर्नका लागि कसरी दिनुपर्छ भन्ने बारेमा येशूले हामीलाई बताउनुभएको छ।

> तर जब तिमी दान दिँदछौं, तिम्रो दाहिने हातले के गरिरहेछ, सो देब्रे हातले थाहा नपाओस्। तिम्रो दान गुप्तमा होस्, र गुप्तमा देख्नुहुने तिम्रा पिताले तिमीलाई इनाम दिनुहुनेछ (मत्ती ६:३-४)।

प्रभुले यहाँ नम्रता, घमण्डबाट स्वतन्त्र भएको, मानिसको प्रशंसाबाट स्वतन्त्र भएको दियाइको बारेमा बताउनुभएको थियो। प्रभुमा दिने किसिमको दियाइलाई उहाँले इनाम दिनुहुन्छ।

> देओ, र तिमीहरूलाई पनि दिइनेछ। मानिसहरूले प्रशस्त परिणाममा खाँदी-खाँदी बेसरी हल्लाएर, पोखिने गरी तिमीहरू-को पोल्टामा राखिदिनेछन्। किनकि जुन नापले तिमीहरू नाप्छौ, त्यही नापमा तिमीहरूले पनि फिर्ता पाउनेछौ (लूका ६:३८)।

हाम्रा केही इनामहरू पृथ्वीमा नै आउँछन् होला। तर हाम्रो सबैभन्दा ठूलो इनामचाहिँ हामी प्रभुको अगाडि उभिएर हामीले उहाँको निम्ति गरेका कामका लागि उहाँबाट स्याबासी

पाउने दिनमा नै प्राप्त गर्नेछौं। मत्ती २५:३४-४०-मा उहाँले त्यस दिनको झलक हामीलाई दिनुभएको छ।

> तब राजाले आफ्ना दाहिनेपट्टिकाहरूलाई भन्नेछन्, आओ, मेरा पिताका धन्य हो। संसारको उत्पत्तिदेखि तिमीहरूका निम्ति तयार गरिएको राज्यलाई अधिकार गर। किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दियौ। म तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन दियौ। म परदेशी थिएँ, तिमीहरूले मलाई आश्रय दियौ, नाङ्गै थिएँ, तिमीहरूले मलाई वस्त्र लगाइदियौ। बिरामी थिएँ, तिमीहरू मलाई हेर्न आयौ। झ्यालखानमा थिएँ, तिमीहरू मकहाँ आयौ। तब धर्मीजनहरूले उनलाई जवाफ दिनेछन्, "हे प्रभु, कहिले हामीले तपाईंलाई भोकाउनुभएको देख्यौं, र खान दियौं? वा तिर्खाउनुभएको देख्यौं र पिउन दियौं? वा नाङ्गो देख्यौं र वस्त्र लगाइदियौं? र कहिले हामीले तपाईंलाई बिरामी वा झ्यालखानमा देख्यौं र तपाईंकहाँ आयौं? तब राजाले तिनीहरूलाई जवाफ दिएर भन्नेछन्, "साँच्चै म तिमीहरूलाई भन्दछु, तिमीहरूले यी मेरा भाइहरूमध्ये सबैभन्दा सानामा एक जनालाई जे-जति गर्‍यौ, त्यो तिमीहरूले मलाई नै गर्‍यौं! (मत्ती २५:३४-४०)।

के यो बाइबलको अति सुन्दर खण्ड होइन र? यदि तपाईंले कसैको लागि केही गरिदिनुभयो, तर त्यस व्यक्ति तपाईंप्रति अकृतज्ञ भयो र धन्यवादको शब्द पनि प्रकट गरेन भने पनि यस कुरामा केही फिक्री नगर्नुहोस्। सबै कुराहरूलाई देख्नुहुने प्रभुले तपाईंको दयालाई उहाँकै निम्ति गरेको जस्तै गरी सम्झनु र गन्ती गर्नुहुन्छ। हाम्रा अनन्त इनामहरूका दृष्टिकोणमा प्रसन्न, उदारचित्त र नम्रतासाथ दिने काम सजिलो बन्छ। अनि कहिलेकहीँ हामीलाई कठिनजस्तो देखियो भने तापनि प्रभुले हामीलाई सहायता गर्नुहुनेछ। हामीलाई खाँचो पर्ने अनुग्रह र सामर्थ्य उहाँले हामीलाई दिनुहुनेछ।



## तपाईंको अभ्यासको निम्ति

**४** मत्ती ५:३४-४८ पढ्नुहोस्। प्रसन्न र उदार-चित्तसाथ दिनेको उदाहरण के हो? ....................................

**५** प्रकाश २२:१२-अनुसार प्रभु...................... र हरेक मानिसलाई ............. दिने प्रतिफल (इनाम) उहाँसँग छ।

**६** लूका १४:१२-१४ पढ्नुहोस्।

**क**) कस्ता किसिमका मानिसहरूलाई रात्री-भोजको निम्ति निमन्त्रणा गर्नु भनी येशूले निम्तो दिनेलाई भन्नुभयो?

..................................................................

**ख**) उनले गरेका कामका निम्ति कसले उनलाई प्रतिफल दिनेछ? ....................................................

**७** सेवाद्वारा प्रभुलाई हामीले आराधना गर्दा हामीमा हुनुपर्ने तीन आधारभूत प्रवृत्तिहरू के-के हुन्? ........................

..................................................................

अब तपाईंले पहिला चार पाठहरूलाई सिध्याउनुभएको छ, र तपाईंको विद्यार्थी-प्रतिवेदनको पहिलो खण्डका उत्तरहरू दिन तयार हुनुभएको छ। पाठ १-४-लाई दोहोऱ्याउनुहोस् र उत्तर-पृष्ठ भर्दा तपाईंको विद्यार्थी-प्रतिवेदनको अन्तिम पृष्ठमा दिइएको ठेगानामा तपाईंको उत्तर-पृष्ठ फर्काई पठाउनुहोस्।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ क ३) रोगीहरूलाई निको पार्नु।
 ख २) सुरक्षा गर्नु र डरलाई हटाउनु।
 ग ५) तिरस्कारको अनुभव गर्नेहरूलाई ग्रहण गर्नु।
 घ १) भोकाहरूलाई खुवाउनु।
 ङ ४) शारीरिक आराम उपलब्ध गर्नु।

५ चाँड़ै आउनुहुन्छ, उसले गरेअनुसार

२ कामहरू

६ क) गरीब, लुला, लङ्गड़ा, अन्धाहरू ख) परमेश्वर

३ क) तपाईंको उत्तर। तपाईंले आफ्नो दशांशभन्दा पनि बेग्लै आफ्नो भेटी, घर बनाउने सामग्रीहरू दिन सक्नुहुन्छ वा नयाँ भवन बनाउनका लागि काम गर्न सक्नुहुन्छ।
 ख) तपाईंको उत्तर। तपाईंले केटाकेटीहरूको हेरचाहा गर्न सक्नुहुन्छ, खानेकुरा जुटाउन सक्नुहुन्छ, सहायता गर्ने व्यक्ति भेट्टाइदिन सक्नुहुन्छ वा तिनीहरूका निम्ति भेटी उठाइदिन सक्नुहुन्छ। प्रभुको नाउँमा गरिएका दयालु कामहरू आराधनाको एक रूप हो।

७ प्रसन्नता, उदारचित्त र नम्रता

४ हाम्रा स्वर्गीक पिता